त्रिपुरासुन्दरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
त्रिपुराकोट बगर, डोल्पा
२०७३

# त्रिपुरासुन्दरी नगरपालिका

## त्रिपुराकोट बगर, डोल्पा

# बार्षिक नीति तथा कार्यक्रम

## आ.ब. २०७८/०७९

**त्रिपुरासुन्दरी नगरपालिकाको आ.ब. २०७८/०७९ बार्षिक निति तथा कार्यक्रम २०७८ साल असाढ १० गते**

## यस त्रिपुरासुन्दरी नगरपालिकाको गरिमामय एवम् छैंटौ नगरसभाको नीति तथा बजेट घोषणा

सभाका सभाध्यक्ष एवम कार्यबहाक नगर प्रमुख ज्यु,
प्रमुख अतिथि जिल्ला समन्वय प्रमुख ज्यु,
विशेष अतिथि जिल्ला समन्वय उप प्रमुख ज्यु,
अतिथि ने.क.पा. एमाले पाटि अध्यक्ष तथा प्रतिनिधि,
अतिथि नेपाली कांग्रेस पाटि सभापति तथा प्रतिनिधि,
अतिथि ने.क.पा.(माओबादि केन्द्र) पाटि अध्यक्ष तथा प्रतिनिधि,
अतिथि पत्राकार मित्रहरु
यस छैंटौ नगर सभाका सदस्यज्युहरु,

राष्ट्रसेबक कर्मचारी, शिक्षक, एवम आगन्तुक नगरबासी बुवा,आमा,दाजुभाइ, दिदि बहिनीमा त्रिपुरासुन्दरी नगरपालिका र मेरो तर्फबाट न्यानो अभिवादनका साथै हार्दिक नमस्कार गर्न चाहान्छु।
आदर्णिय नगरसभाका सभाध्यक्ष एवम सदस्यज्युहरु

आज यस सम्मानित छैटौ नगरसभा समक्ष आगामी आ.ब.२०७८/०७९ को नीति तथा बजेट कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु। यस अवसरमा राजनीतिक परिवर्तनका लागि जीवन बलिदान गर्नुहुने सम्पुर्ण शहिदहरु र कोभिड १९ महामारीबाट संक्रमित भई यस नगरपालिकाका स्व. नगर प्रमुख तथा जिल्लाका अग्रज नेत्रृत्वहरुको निधनप्रति भाबपुर्ण हार्दिक श्रद्धान्जली अर्पण गर्नुका साथै उपचारत व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। त्यसै गरी राष्ट्रियता,स्वाधिनता,लोकतन्त्र,सामाजिक न्याय,समानता र समृद्धिका लागि संघर्ष गर्नु हुने महान नेपाली नागरिक र त्यसको सवल एवम सक्षम नेत्रृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहान्छु।

हाम्रो अनुरोध स्वीकार गरी यस नगरपालिकाको नीति,कार्यक्रम तथा बजेट घोषणा सभालाई ओजपुर्ण, समावेसी, सहभागिता मुलक र सफल बनाउन पाल्नु हुने नगर सभाका सदस्य ज्युहरुमा त्रिपुरासुन्दरी नगरपालिकाको तर्फबाट हार्दिक आभार ब्यक्त गर्न चाहान्छु।

त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय त्रिपुराकोट बजार, डोल्पा २०७३

## त्रिपुरासुन्दरी नगरपालिकाको आ.ब. २०७८/०७९ बार्षिक निति तथा कार्यक्रम २०७८ साल असाढ १० गते

यस त्रिपुरासुन्दरी नगरपालिकाले चार वर्षको अवधि राम्ररी पुरा गरेको छ भन्ने विश्वासका साथ सम्मानीत नगर सभामा आगामी दिनको सुनौलो भाग्य र भविष्यको मार्ग चित्र कोर्नको लागि आगामी आ.ब.२०७८/०७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न अनुमति चाहान्छु। नगर बासी सम्पुर्ण दाजु भाइ तथा दिदि बहिनीहरुले जुन विश्वास र स्नेहको साथ हामीलाई आफ्नो क्षेत्रको भविष्य आफैं निर्माण गर्ने अवसर दिनु भयो त्यसको लागि हार्दिक नमन गर्दै यहाँहरुको विश्वासलाई पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

स्थानीय तहले कसरी कार्य सञ्चालन गर्ने भन्ने अन्योलताको बीच नगरपालिकाको स्थापना पछि आम नागरिकको अपेक्षा बढ्नु स्वभाविक नै रहेकोछ। स्थानीय सरकारलाई आफ्नो क्षेत्रको शासन आफै गर्न,आफ्नो क्षेत्रको विकास आफै गर्ने तथा आफुलाई आवश्यक पर्ने कानुन आफै तर्जुमा गर्ने प्राप्त अधिकारहरुलाई संस्थागत गर्दै गरेको अवस्थामा नगरबासीहरुको अपेक्षा अनुरुप नगरपालिकाले सेवा प्रवाह गर्न,विकास निर्माण गर्न,घरदैलोमा सरकारको उपस्थितिको अनुभुति दिलाउन उपलब्ध सिमित श्रोत साधनलाई अधिकतम प्रतिफल प्राप्त गर्ने क्षेत्रहरुलाई प्राथमिकता दिने कोसिस गरेकोछु।

हाल कोभिड–१९ को विश्वाव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थिति तत्काल सामान्य अबस्थामा आउन सक्ने नदेखिएकोले यसको असरलाई न्युनिकरण गर्दै जन जीवनलाई नियमित गर्ने बिषय नै अहिलेको प्रमुख चुनौती हो। महामारीको अबस्थामा यस नगरपालिकाको आबश्यकता र प्राथमिकताहरु पनि बदलिएका छन्। यस परिस्थितिमा यस नगरपालिकाको बजेट तर्जुमा सामान्य अबस्थाको भन्दा फरक हुने निश्चित छ। कोभिड–१९ भाइरसको व्यापकताले सिर्जना हुन सक्ने परिस्थितिको आँकलन गरि हाल यस नगरपालिकाले सम्पादन गरिरहेका क्वारेन्टाइन व्याबस्थापन,राहत वितरण,सचेतना कार्यक्रम,सुचना तथा तथ्याङक संकलन तथा संप्रेषण जस्ता कार्यहरुका लागि यी क्षेत्रको विद्यमान अबस्था विश्लेषणका आधारमा आबश्याकता पहिचान गरि आगमी वर्षको बजेटको नीति,कार्यक्रम र बजेटमा प्राथमिकता साथ समावेश गरिनेछ। यद्यपी हरेक बादलमा चाँदीको घेरा देखिए जस्तै जस्तो सुकै चुनौतीको बावजुद पनि यस नगरपालिकालाई समवृद्ध तथा समुन्नत बनाउन आज हामी यस सम्मानीत नगर सभामा उपस्थित भएका छौ।

त्रिपुरासुन्दरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
त्रिपुराकोट बगर, डोल्पा
२०७३

## सम्मानीत नगरसभाका सभाध्यक्ष एवम् सदस्यज्युहरु,

अब म त्रिपुरासुन्दर्रा नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- विगत चार बर्षदेखि यस नगरपालिकाले स्थानीय भौगोलिक अबस्थितिमा रहेको यहाका सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने,स्थानीय जनतालाई योजना तर्जुमाका साथै कार्यन्वयनमा प्रत्यक्ष सहभागी गराउने,मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदा कार्यक्रम तथा विकासका गतिविधीहरु सञ्चालन गरि यस क्षेत्रका जनताको चरम गरिबी न्युनिकरण गर्ने गरी यस आ.व.२०७८/०७९ को मुल नीति समपुरक कोष,क्रमागत योजना,नगरस्तरिय अति प्राथमिकतामा परेका आयोजना,पदाधिकारी र कर्मचारीको क्षमता विकास र सबै वडालाई जनसंख्या,भुगोल,आन्तरिक आय,लक्षित समुह तथा समावेशिकरण सहभागितामुलक सिद्धान्तलाई आधार मानी बजेट बाँडफाँड गर्ने प्रमुख आधार नीतिको रुपमा लिएको छु ।

- डोल्पा जिल्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ । यस नगरपालिका भित्रका विभिन्न वडा,बस्तीहरुमा कच्ची सडकले जोड्ने काम जोडतोडले भैरहेकोछ । आ.व.२०७७/०७८ को अन्त सम्म खदाङ देखि फुल्चिङ सम्म ३ हजार मिटर,खदाङ देखि ल्हाँसम्म २ हजार ७ सय मिटर,त्रिपुराकोट देखि रसी सम्म ७ हजार मिटर, सुँपानीदेखि सुँ र ज्यु सम्मा ५ हजार मिटर,पातिहाल्ना देखि छलसम्म १ हजार ५ सय मिटर,पातेहाल्न देखि पाहाडा एयरपोर्ट सम्म २ हजार मिटर, निला पहिरा देखि तामेगाड हुदै छलसम्म २ हजार मिटर,साँडटा, चुगाडदेखि चुँ,लिकु मुहु हुदै हुमसम्म ७ हजार मिटर मोटर बाटो खन्ने कार्य सम्पन्न भएकोछ भने हुम देखि बन्तडी र बन्तडी देखि खालिवनसम्म मोटर बाटो खन्ने काम भैरहेकोछ । त्रिपुराकोट बगरदेखि करेलीकाँडा सम्म प्रदेश सरकार र नगरको ६० र ४० प्रतिशतको साझेदारीमा सडक खण्ड निर्माणका भैरहेको र दोश्रो चरणको लागि टेण्डर आहवान समेत भैसकेको छ । नगर क्षेत्रमा आगामी आ.व.मा मोटर बाटोको स्तोरउन्नती गरी ग्राबेलिङ गर्ने कार्य सम्पन्न गरिनेछ भने बाँकी सडक सञ्जालले नछोएका वडा नं. १० को दापु , वडा नं. ११ को हुमसम्म, वडा नं. २ को रुम पातिहाल्न हुदै गुम्बा गाउँसम्म र वडा नं. ७ वडा कार्यालय देखि वडा नं. ८ खालिवन सम्म सडक पुराउन प्रदेश सरकारसंग समन्वय गरि जोडकोषको ब्यवस्था गरिएको छ ।

- बाँच्न पाउने नागरिकको नैसर्गिक अधिकार हो । यसका लागि स्वास्थ्य उपचार आधारभुत आबश्यकता भएकोले स्वास्थ्य उपचार सेवा सर्वसुलभ,सहज,भरपर्दो र सस्तो होस भन्ने आशयले यस नगरको वडा नं.१ त्रिपुराकोट बगरमा पन्ध्र सैयाको अस्पतालको स्थापनाको कार्य अघि बढाएको छ भने स्वास्थ्य चौकी नभएका वडा नं. २, ४, ५, ८, ९ र ११ वडाहरुमा वडा स्तरिय स्वास्थ्य सेवा ईकाइ केन्द्र स्थापनाका लागि भवन निर्माणका काम सम्पन्न भै सेवाहरु सुचारु भइरहेको व्यहोरा अबगत गराउन चाहान्छु ।यसै गरी त्रिपुरासुन्दरी न.पा.वडा नं. २ को रसीमा सामुदायिक स्वास्थ्य इकाई केन्द्र स्थापनाका लागि प्रदेश सरकारले २ जना कर्मचारीको व्यबस्था गरिएको र भवन निर्माणको अंश यस नगरपालिकालाई दिईएको अबगत गराउन चाहान्छु ।

त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय त्रिपुराकोट बगर, डोल्पा २०७२

त्रिपुरासुन्दरी नगरपालिकाको आ.ब. २०७८/०७९ बार्षिक निति तथा कार्यक्रम २०७८ साल असाढ १० गते

## आदर्णिय यस नगर सभाका सदस्यजुहरु

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

- कोभिड १९ को महामारीबाट नागरिकको जीवन रक्षा गर्ने,
- सार्वजनिक,निजी र सहकारी क्षेत्रमा उपलब्ध श्रोत र साधनलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्दै उत्पादनशिल अर्थतन्त्र निर्माण गर्ने ।
- अर्थतन्त्रको शिघ्र पुनरउत्थान गर्न आर्थिक गतिविधी एवम् बिकास निर्माणका कार्यहरुलाई तिब्रता दिने ।

**बजेटको उदेश्य हांसिल गर्न देहाय बमोजिम प्राथमिकता निर्धारण गरेको छु ।**

## स्वास्थ्य तर्फ

- कोभिड १९ बिरुद्ध खोप अभियान सञ्चालन,पालिका स्तरिय समिक्षा तथा योजना र पालिका तथा स्वास्थ्य संस्था स्तरिय सुपरिवेक्षण
- कोभिड १९ को महामारी ब्यावस्थापनका लागि कोभिड आइसोलेशनको व्यबस्था र औषधी खरिदको लागि आवश्यक रकम विनियाजन,
- कोभिड १९ मा खटिने स्वास्थ्य कर्मीका लागि प्रोत्सहाना भत्तको व्यबस्था,
- स्वास्थ्य संस्थाहरु र स्वास्थ्य चौकीहरुमा खटिने स्थायी स्वास्थ्य कर्मीहरुलाई बार्षिक रु,२,४००। (रु दुई हजार चार सय) का दरले सञ्चार खर्च,
- मातृ तथा नवशिशु र पोषण कार्यक्रम सञ्चालन,
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम,विद्यालयमा अध्यायनरत विद्यार्थीहरुको आंखा, मुख, कान, नाक, घांटी तथा मुटुरोग सम्बन्धि स्वास्थ्य परिक्षण कार्यक्रम,
- आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी खरिद,
- विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रमलाई निरन्तरता,
- महिलाहरुको आङ खस्ने तथा पाठेघर सम्बन्धि क्याम सञ्चालन,
- स्वास्थ्य संस्थाहरुको लागि फर्निचर तथा अन्य उपकरणहरुको खरिदको व्याबस्था ।

त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय त्रिपुराकोट बगर, डोल्पा २०७३

## शिक्षा युवा तथा खेलकुद शाखा तर्फ

- बालविकासका सहजकर्ता,विद्यालय सहयोगी,मा.वि.का लेखा सहायक र प्र.अ. हरुलाई दिईदै आएको प्रोत्सहान भत्ता कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- शिक्षण सिकाई कार्यमा संलग्न आधारभुत विद्यालय,माध्यमिक विद्यालय र प्राविधिकधारमा कार्यरत शिक्षकहरुको मनोबल उच्च राख्नका लागि सिमित श्रोतका कारण प्रति शिक्षक बार्षिक रु,२,४००। का दरले सञ्चार खर्चको व्यबस्था गरेको छु ।
- प्रारम्भिक बालविकासको कक्षा व्यबस्थापनमा १० वटा विद्यालयलाई कार्पेटको व्यबस्था गरेको छु ।
- ई,सि,डि,का सहजकर्ताहरुको लागि मन्टेश्वरी तालिमको व्यबस्था गरेको छु ।
- राष्ट्रपति रनिङ्गशिल प्रतियोगिताको लागि वजेटको व्यबस्था,
- शैक्षिक पहुंच सुनिश्चितता,अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम,
- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्सहान अनुदान,
- तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान,
- सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड व्यबस्थापन,
- केन्द्रबाट छनोट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण ।
- सुँ मा.वि.को विज्ञान संकाय सञ्चालन गर्नको लागि रु,१०,००,०००। (दश लाख)रकम विनियोजन गरेको छु ।
- युवाहरुको लागि खेलकुद कार्यक्रम सञ्चालन गर्न पुजिगतबाट रु.८,००,०००। र चालुबाट रु, ५,००,०००। गरि रु,१३,००,०००।रकम विनियोजन गरेको छु ।

## प्रधानमन्त्री रोजगार तथा युवा स्वरोजगार कार्यक्रम तर्फ

- कामको लागि पारिश्रमिक अनुदान कार्यक्रममा वजेटको व्यबस्था,
- कामको लागि पारिश्रमिक अनुदान (युवाको रुपमा) वजेटको व्यबस्था गरिएको,

## कृषि तथा पशु तर्फ

- किसान सुचिकरण कार्यक्रम
- कृषि पशुपंक्षी तथा मत्स्य तथ्याङ्ग अध्याबधिक कार्यक्रम,
- आ.व २०७७।०७८ मा स्थापना भएका कृषि तर्फका साना व्यबसायीक (पकेट)विकास कार्यक्रम लाई निरन्तरता ,
- आ.व. २०७७।०७८ मा स्थापना भएको बाखाको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम लाई निरन्तरता ,
- स्याउ/ ओखरको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम ,
- मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम ,
- स्याउ खेति विस्तार कार्यक्रम ,
- रैथाने बालि प्रर्वद्धन कार्यक्रम (बालि विकास कार्यक्रम)

त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय त्रिपुराकोट बजार, डोल्पा २०७३

- पोषण संवेनशिल (खानेपानी तथा सरसफाई, कृषि, पशु सेवा,महिला तथा बालबालिका,शिक्षा र शासकिय प्रबन्ध) क्षेत्रको कार्यक्रमहरु समेत संचालन गर्ने व्यवस्था मिलाएको छु।
- पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।
- हाईब्रिड तरकारी विउ वितरण गर्ने व्यवस्था मिलाएको छु।
- जैविक तथा वनस्पतिक विषादी वितरण गर्ने व्यवस्था मिलाएको छु।
- पशु सेवा औषधी,खोप खरिद तथा ढुवानी गर्ने व्यवस्था मिलाएको छु।
- उन्नत जातको बोका वितरण गर्ने व्यवस्था मिलाएको छु।
- टेबिज मिसिन खरिद गर्ने व्यवस्था मिलाएको छु।
- मासु पसल व्यबस्थापन सम्बन्धि तालिम संचालन गर्ने व्यवस्था मिलाएको छु।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

## महिला बालबालिका तथा अपाङ्ग तर्फ

- सामाजिक परिचालक २ जनालाई निरन्तरता दिएको छु।
- पुर्ण अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामाग्री खरिद तथा वितरण गर्ने व्यवस्था मिलाएको छु।
- प्रत्येक वडामा अपाङ्गता परिचय पत्र वितरण,घुम्ति शिविर र स्वास्थ्य जाँच शिविर कार्यक्रम गर्ने व्यवस्था मिलाएको छु।
- ८४ वर्षका जेष्ठ नागरिकलाई स्वीटर,न्यानोसल,तथा पौष्टिक आहार कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।
- समुह गठन तथा पुर्नगठन र परिचालन गर्ने व्यवस्था मिलाएको छु।
- अन्तर्राष्ट्रिय महिला दिवस,अपाङ्गता दिवस,बाल दिवस र जेष्ठ नागरिक दिवस मनाउने व्यवस्था मिलाएको छु।
- लैङ्गिक हिंसा निवारण १६ दिने दिवस मनाउने व्यवस्था मिलाएको छु।
- बाल कल्ब गठन तथा पुनरगठन र परिचालन गर्ने व्यवस्था मिलाएको छु।
- स्थानिय तह लैङ्गिक हिंसा निवारण कोष परिचालन गर्ने व्यवस्था मिलाएको छु।

## वन तथा वातावरण तर्फ

- जलवायु उत्थानशिल विकास सम्बन्धि तोकिएका क्रियाकलाप सञ्चालन गर्ने गर्ने व्यवस्था मिलाएको छु।

त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय त्रिपुराकोट बजार, डोल्पा २०७२

- पोषण संवेनशिल (खानेपानी तथा सरसफाई, कृषि, पशु सेवा,महिला तथा बालबालिका,शिक्षा र शासकिय प्रबन्ध) क्षेत्रको कार्यक्रमहरु समेत संचालन गर्ने व्यवस्था मिलाएको छु ।
- पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।
- हाईब्रिड तरकारी विउ वितरण गर्ने व्यवस्था मिलाएको छु ।
- जैविक तथा वनस्पतिक विषादी वितरण गर्ने व्यवस्था मिलाएको छु ।
- पशु सेवा औषधी,खोप खरिद तथा ढुवानी गर्ने व्यवस्था मिलाएको छु ।
- उन्नत जातको बोका वितरण गर्ने व्यवस्था मिलाएको छु ।
- टेबिज मिसिन खरिद गर्ने व्यवस्था मिलाएको छु ।
- मासु पसल व्यबस्थापन सम्बन्धि तालिम संचालन गर्ने व्यवस्था मिलाएको छु ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

## महिला बालबालिका तथा अपाङ्ग तर्फ

- सामाजिक परिचालक २ जनालाई निरन्तरता दिएको छु ।
- पुर्ण अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामाग्री खरिद तथा वितरण गर्ने व्यवस्था मिलाएको छु ।
- प्रत्येक वडामा अपाङ्गता परिचय पत्र वितरण,घुम्ति शिविर र स्वास्थ्य जाँच शिविर कार्यक्रम गर्ने व्यवस्था मिलाएको छु ।
- ८४ वर्षका जेष्ठ नागरिकलाई स्वीटर,न्यानोसल,तथा पौष्टिक आहार कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।
- समुह गठन तथा पुर्नगठन र परिचालन गर्ने व्यवस्था मिलाएको छु ।
- अन्तर्राष्ट्रिय महिला दिवस,अपाङ्गता दिवस,बाल दिवस र जेष्ठ नागरिक दिवस मनाउने व्यवस्था मिलाएको छु ।
- लैङ्गिक हिंसा निवारण १६ दिने दिवस मनाउने व्यवस्था मिलाएको छु ।
- बाल कल्ब गठन तथा पुनरगठन र परिचालन गर्ने व्यवस्था मिलाएको छु ।
- स्थानिय तह लैङ्गिक हिंसा निवारण कोष परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

## वन तथा वातावरण तर्फ

- जलवायु उत्थानशिल विकास सम्बन्धि तोकिएका क्रियाकलाप सञ्चालन गर्ने गर्ने व्यवस्था मिलाएको छु ।

त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय त्रिपुराकोट बजार, डोल्पा २०७२

त्रिपुरासुन्दरी नगरपालिकाको आ.ब. २०७८/०७९ बार्षिक निति तथा कार्यक्रम २०७८ साल असाढ १० गते

## सुचना प्रविधी तथा सुशासन तर्फ

- त्रिपुरासुन्दरी नगरपालिकामा पाँच वर्षे कार्यकालमा भएका महत्वपुर्ण कार्यहरु समेटिएको पुस्तक निर्माण तथा प्रकासन गर्ने व्यवस्था मिलाएको छु ।

- नागरिक वडा पत्र प्रकासन,भौतिक पुर्वाधार तथा अन्य सार्वजनिक निर्माण गरिने छ ।

## पुर्वाधार निर्माण तर्फ

- सुरक्षित नागरिक आवास निर्माणमा आबश्याक बजेटको व्यबस्था गरेको छु ।
- फुलवारीदेखि पानीखानसम्म पर्यटकिय पदमार्ग त्रिपुरासुन्दरी न.पा.४ निर्माण गरिने छ ।
- नविकरणिय ऊर्जा प्रविधी जडान(बायो ग्यास,विधुतीय चुलो,सुधारिएको चुलो र सौर्य प्रविधी सम्बनिध कार्यक्रम सञ्चालन गरिने छ ।

## झोलुङ्गे पुल निर्माण तर्फ

- रसी तल्लो खोला झो.पु.निर्माण,
- पालाङ्ग खोला झो.पु.निर्माण गरिने छ ।

त्रिपुरासुन्दरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
त्रिपुराकोट बजार, डोल्पा
२०७३

## नगरपालिकाको पुंजीगतबाट सञ्चालन गरिने कार्यक्रम

- नगर प्रमुखसंग कृषि उत्पादन(स्थानीय बालीनाली)मा आधारित प्रोत्सहान अनुदान कार्यक्रममा प्रति घरधुरी रु.४,०००। दरले रु,९६,००,०००। विशेष प्रोत्सहान अनुदानको व्यबस्था गरेको छु ।
- नगरको संवृद्धि र बिकासलाई मध्यनजरमा राखी उल्लेखित आयोजनाहरुको विस्तृत परियाजना प्रतिवेदन (डि,पि,आर,) तयार गर्न रु,८०,००,०००। रकम विनियोजन गरेको छु ।
  - ✓ बालुवा कुना बगरमा बस पार्कको डि,पि,आर,निर्माण
  - ✓ शहरी गुरुयोजना (टावन प्लानिङ)को डि,पि,आर,निर्माण
  - ✓ अन्नीचौर,चुंगाड,साङटा पुर्वपट्टि,खोपु,पातिहाल्ना हुदै मसिनचौर एयरपोर्टसम्म सडकको डि,पि, आर, निर्माण,
  - ✓ त्रिपुराकोट बगर,बालुवा कुना,,नादा,कुमारीकोट बगर हुँदै सुलिगाडसम्म सडकको डि,पि,आर, निर्माण,
  - ✓ बर्थिङ सेन्टर नभएका वडाहरुमा बर्थिङ सेन्टरहरुको डि,पि,आर,
  - ✓ वडा कार्यालय नभएका वडाहरुमा वडा भवनको डि,पि,आर,निर्माण,
  - ✓ विक्रम संवत १४१० मा स्थापना भएका ऐतिहासिक श्री टसिरोम्जे महाकाल गुम्बाको डि,पि,आर,निर्माण ।
  - ✓ त्रिपुरासुन्दरी न.पा.वडा नं. ४ रंङ,वडा नं. १० को दापु र वडा नं. ११ हुमको सडक निर्माणको डि,पि,आर,निर्माण,
- प्रथम नगर प्रमुख स्व ओम बहादुर बुढाको सालिक निर्माण गर्न आबश्याक क्रमागत रु,२०,००,०००। वजेटको व्यबस्था गरेको छु ।
- गत आ.व.हरुमा ५ वर्ष मुनिका छोरी बचत खाता सञ्चालनलाई निरन्तरता दिदै यस आ.व.मा प्रति छोरी बार्षिक रु,२,०००।का दरले रकम रु,६,००,०००।विनियोजन गरेको छु ।
- लिकु संयुक्त क्याम्पसलाई दिदै आएको व्याबस्थापन खर्च रु,५,००,०००। लाई निरन्तरता दिएकोछु ।
- संघ,प्रदेश र अन्य संघ संस्थाहरुबाट सञ्चालन हुने आयोजना तथा परियोजनाहरुको लागि जोड कोष ( म्याचिङ फण्ड)को लागि रु,८५,८५,०००। रकम विनियोजन गरेको छु ।
- १५ सैया राजारानी नगर अस्पतालको जग्गा व्यवस्थापन तथा मुआब्जाको लागि आबश्याक रु,४०,००,०००। वजेटको व्यबस्था गरेको छु ।
- नगरपालिकाको सुत्केरी,बिरामीहरुको उद्धार तथा राहतका लागि एम्बुलेन्स खरिदको लागि रकम रु,१६,००,०००। विनियोजन गरेको छु ।
- छल जलधारा परियोजनालाई क्रमागत रु,१०,००,०००।वजेटको व्यबस्था गरेको छु ।
- यस नगरपालिकाको स्थायी सरकारको रुपमा रहेको कर्मचारीको अभाबलाई पुर्ति गर्न प्रशासन,लेखा,बिषयगत शाखाहरु र कोर क्षेत्रका स्थायी कर्मचारीहरुलाई मासिक रु,२,०००।का दरले खाजा भत्ता वापतको लागि रु,४,५६,०००। वजेटको व्यबस्था गरेको छु ।
- आधारभुत तथा सामुदायिक स्वास्थ्य इकाई केन्द्र भवन नभएका त्रिपुरासुन्दरी न,पा,२ मा सामुदायिक स्वास्थ्य इकाई केन्द्र भवन निर्माण गर्न रु,१५,००,०००। वजेटको व्यबस्था गेरको छु ।
- कोभिड १९ महामारी र विपत व्यबस्थापन गर्नका लागि रु,,३०,००,०००।वजेटको व्यबस्था गरेको छु ।
- विक्रम सम्बत १८०७ मा स्थापना भएको विक्रमशाही महाराज दरबार स्थलमा धर्मशाला निर्माण र खानेपानीको व्यबस्थाका लागि रु,१०,००,०००। वजेटको व्यबस्था गरेको छु ।
- समाजमा पछि परेका लक्षित बर्गको उत्थानका लागि उनीहरुको क्षमता,सीप र उत्पादनको आधारमा अनुदान दिने व्यबस्था मिलाएको छु ।
  - ✓ महिला अनुदान रु,२०,००,०००।
  - ✓ दलित अनुदान रु,८,००,०००।
  - ✓ आदिबासी जनजाती अनुदान रु,८,००,०००।
  - ✓ अपाङ्ग अनुदान रु,३,००,०००।
- नगर भवनको तल्लो तला फिनिसिङ्गको लागिरु,२५,००,०००।



त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय त्रिपुराकोट बगर, डोल्पा २०७३

- वडा नं. ११ को बन्तडीमा स्थापना भएको चौरी श्रोत केन्द्रलाई व्यबस्थापन गर्न रु,२,००,०००।
- हेमराज प्रबेशद्धार निर्माण रु,५,००,०००।
- विविध व्यबस्थापन तर्फ रु,२४,००,०००।
- कोभिड व्यबस्थापनका लागि रु,२५,००,०००।
- वडागत रुपमा रु,२,९४,५४,०००।( रु दुई करोड चौरानब्ये लाख चवन्न हजार )
- डोल्पा जिल्ला र रुकुमको सिमाना स्याङले र ठुलिभरी नगरपालिकाबाट प्रबेश सिमाना भित्तीमा प्रवेशद्धार निर्माण गर्न रु,६,००,०००। रकम विनियोजन गरेको छु ।
- जनप्रतिनिधीहरुलाई पोशाकको लागि प्रति जनप्रतिनिधी रु,१५,०००।का दरले सम्बन्धित वडाहरु मै रकम पठाउने व्यबस्था गरेको छु ।
- दलित संस्था केडलाई दलित सम्बन्धि कार्यक्रम सञ्चालन गर्न रु,२,००,०००। रकम विनियोजन गरेको छु ।
- छोरी सुरक्षा कार्यक्रम निरन्तर्ता  रु ७,००,०००।(सात लाख
- यस नगरपालिकाको बाला त्रिपुरासुन्दरी मन्दिर लाई बिभिन्न पुजा कार्यक्रमलाई निरन्तरता रु २,१५,०००।
- यस नगर सभाका सभाध्यक्ष ज्यु अब म चालु आ,व,को अनुमानित राजश्व र व्ययको अनुमान पेश गर्ने अनुमति चाहान्छु ।

## चालु आर्थिक बर्ष २०७७।७८मा अनुमानित बजेट

- संघिय वित्तिय समानीकरण रु,८ (आठ) करोड ७६ ( छयातर) लाख
- संघिय शर्सत अनुदान रु,२२(बाइस) करोड २३(तेइस) लाख ३ तिन सय ५० पचास मात्र
- संघिय शर्सत अनुदान(पुंजिगत) रु,१(एक) करोड ११(एघार)लाख
- प्रदेश वित्तिय समानीकरण रु, २५ (पच्चिस) लाख ३७(सैतिस)हजार पाँच सय पचास
- प्रदेश शर्सत रु,१(एक)करोड ४७(सरचालिस)लाख ९०(नब्बे) हजार
- प्रदेश विशेष अनुदान रु,४०(चालिस) लाख
- प्रदेश समपुरक अनुदान रु,१(एक)करोड १५(पन्ध्र) लाख

## मिति २०७८/०३/०९ गते सम्म प्राप्त निकासा विवरण

- संघिय सरकार वित्तिय समानिकरण ८ करोड ७६ लाख मात्र
- संघिय सरकार सर्शत अनुदान तर्फ २१ करोड ४५ लाख ७९ हजार ८ सय ३० तिस
- संघिय सरकार राजश्व वाडफाँट ४ करोड २९ लाख १९ हजार ४
- सय १६ सोह्र
- प्रदेश वित्तिय समानिकरण २५ लाख २३ तेइस हजार ७ सय ५० पचास मात्र
- प्रदेश सरकार सर्शत अनुदान १८ अठार लाख ७५ हजार
- राजश्व वाडफाँट प्रदेश सरकार  २ दुइ लाख ५२ बाउन्न हजार ३ तिन सय ७५ पचहतर ।
- आन्तरिक आय १८ (अठार) लाख २६ (छब्बिस) हजार ६(छ) सय ७८ (अठह्तर) पैसा ६० साठी मात्र र कुल बजेटको ५५ प्रतिशत खर्च भएको
- .आन्तरिक आय उठन बाँकी रु, ४०,००,०००। (चालिस लाख (डोजर प्रयोग वापतको)
- यस नगर सभाका सभाध्यक्ष ज्यु अब म आ.व.२०७८/०७९ को बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।
- कुल बजेट रु,४२(बयालिस) करोड ४०(चालिस) लाख २९(उनान्तीस)हजा, ९ (नौ)सय ९२ (बयानब्बे) ।



त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

- संघिय सर्सत अनुदान(चालु) तर्फ –२०(बीस)करोड,१६सोह्र)लाख
- संघिय शर्सत अनुदान(पुजिगत) तर्फ रु,१(एक)करोड ११एघार)लाख
- संघिय वित्तिय समानिकरण तर्फ–९ (नौ) करोड ६ (छ) लाख
- प्रदेश वित्तिय समानीकरण तर्फ रु,९२(बयानब्बे) लाख ९९(उनान्सय)हजार
- प्रदेश शर्सत अनुदान तर्फ रु,१(एक)करोड ४७(सत्तचालिस)लाख९०(नब्बे) हजार
- प्रदेश विशेष अनुदान तर्फ रु,३५(पैत्तिस) लाख
- प्रदेश समपुरक अनुदान तर्फ रु,१(एक)करोड १५(पन्ध्र) लाख

## राजश्व बाँडफाँड तर्फ

- संघिय राजश्व तर्फ रु,४(छ)करोड ४५(पेत्तालिस) लाख ६३(त्रिसठी) हजार
- प्रदेश राजश्व तर्फ रु,३ (तीन) लाख ८ (आठ) हजार
- आन्तरिक राजश्व तर्फ रु,१,६७,६९,९९२ ।

हाल सम्म संञ्चित कोषमा प्राप्त
अब म विनियोजित वजेट प्रस्तुत गर्न अनुमति चाहान्छु ।

माथि प्रस्तावित विभिन्न शिर्षकका आय अनुसारको सोही शिर्षक अनुसार नै व्याय हुने प्रस्ताब गरेकोछु ।

- कुल बजेट रु,४२(बयालिस) करोड ४०(चालिस) लाख २९(उनान्तीस) हजार ९(नौ) सय ९२(बयानब्बे)
- चालु तर्फ रु,३२(बत्तिस) करोड ४१(एकचालिस) लाख ३०(तीस) हजार ९(नौ) सय ९२(बयानब्बे)
- पुजिँगत तर्फ रु,९(नौ) करोड ९८(अन्ठनब्बे) लाख ९९(उनान्सय)हजार )

त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय त्रिपुराकोट दुनै, डोल्पा २०७३

धन्यावाद

चन्दा कुमारी बुढा
कार्य बाहक नगर प्रमुख
त्रिपुरासुन्दरी नगरपालिका डोल्पा